**अनुसूची २**

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

नवराजपुर गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः १ संख्याः ७ मितिः २०७९/०६/१२

**भाग-२**

**नवराजपुर गाउँपालिका**

# नवराजपुर गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

## नवराजपुर सिरहा

## ***कृषि विद्युत महशुल भुक्तानी अनुदान कार्यविधि २०७९***

**प्रस्तावना :** समग्र कृषि क्षेत्रको व्यवसायीकरण एवम् आधुनिकीकरणका लागि कृषि व्यवसायमा आवद्ध कृषक, कृषक समूह, कृषि सहकारी तथा निजी व्यवसायीलाई विद्युत महशुलमा अनुदान उपलब्ध गराई कृषि उत्पादनको लागतलाई न्युनीकरण गरी कृषि व्यवसायमा गाउँपालिका क्षेत्र भित्रका कृषकहरुको प्रतिस्पार्धात्मक क्षमता अभिवृद्धि गर्न वान्छनीय भएकोले,

नवराजपुर गाउँपालिकाले स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ बमोजिमको अधिकार प्रयोग गरी ***कृषि विद्युत महशुल भुक्तानी अनुदान कार्यविधि २०७९*** बनाएको छ। यो कार्यविधि नवराजपुर गाउँपालिका गाउँकार्यपालिकाको बैठकबाट स्वीकृत भएको मिति बाट लागू हुनेछ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम :** (१) यस कार्यविधिको नाम ***कृषि विद्युत महशुल भुक्तानी अनुदान कार्यविधि २०७९*** रहेको छ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) **अनुदानग्राही** भन्नाले यस कार्यविधि अनुरुप कृषि कार्यमा प्रयोग हुने विद्युत महशुल वापतको अनुदान प्राप्त गर्ने कृषि व्यवसायीलाई जनाउँछ ।

ख) **अनुदान** भन्नाले यस कार्यविधि अनुरुप कृषि कार्यको विद्युत महशुल वापत प्रदान गरिने सहयोग रकम सम्झनु पर्छ ।

ग) **कृषि व्यवसाय** भन्नाले विभिन्न कृषि वाली वस्तुको उत्पादन गर्न संचालित क्रियाकलापलाई सम्झनु पर्छ ।

घ) **कृषि व्यवसायी** भन्नाले यस कार्यविधि बमोजिम अनुदान लिन इच्छुक वा लिएका कृषि वाली वस्तु सम्बन्धि व्यवसाय संचालन गर्ने व्यक्ति वा संस्थालाई सम्झनु पर्छ ।

ङ) **कार्यालय** भन्नाले नवराजपुर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ ।

च) **विद्युत महशुल** भन्नाले नेपाल विद्युत प्राधिकरणको मिटर जडान भई यस कार्य विधि बमोजिम कृषि व्यवसायमा विद्युत प्रयोग गरी तिरिएको रकम सम्झनु पर्छ ।

छ) **कृषि शाखा** भन्नाले नवराजपुर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय अन्तर्गतको कृषि विकास सम्बन्धि काम गर्ने शाखालाई सम्झनु पर्छ ।

ज) **सहकारी संस्था वा समूह** भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको सहकारी वा कृषक समूह सम्झनु पर्छ ।

## परिच्छेद २
## समिति सम्बन्धि व्यवस्था

**३. कार्यक्रम व्यवस्थापन समिति** : अनुदान कार्यक्रम संचालनका लागि गाउँपालिकामा देहाय बमोजिमको कार्यक्रम व्यवस्थापन समिति रहनेछ :

| | | |
|---|---|---|
| क) गाउँपालिका अध्यक्ष | १ जना | संयोजक |

ख) गाउँपालिका उपाध्यक्ष १ जना सदस्य
ग) प्रत्येक वडाका वडा अध्यक्ष ५ जना सदस्य
घ) प्रमुख प्रशासकीय अधिकृत १ जना सदस्य सचिव

**४. कार्यक्रम व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार :** कार्यक्रम व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेका छन् :

क) अनुदान सम्बन्धमा मूल्यांकनका आधार तथा अनुदान सीमा र अनुदान उपलब्ध हुने अवधि तोक्ने,
ख) कार्यक्रमसँग सम्बन्धित सरोकारवालाहरुसँग आवश्यक समन्वय गर्ने,
ग) कार्यक्रम संचालन सम्बन्धमा अन्य आवश्यक निर्णय गर्ने ।

**५. कार्यक्रम कार्यान्वयन समिति :** अनुदान सम्बन्धि कार्यको प्रभावकारी कार्यान्वयनका लागि निम्नानुसारको कार्यक्रम कार्यान्वयन समिति रहनेछ ।

क) योजना शाखा प्रमुख संयोजक
ख) आर्थिक प्रशासन शाखा प्रमुख सदस्य
ग) कृषि शाखा प्रमुख सदस्य सचिव

**६. कार्यक्रम कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार :** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेका छन् :

क) अनुदानको प्रभावकारी वितरणका लागि आम कृषक समक्ष जानकारी गराउन प्रचार प्रसार गर्ने,
ख) अनुदान कार्यक्रमलाई सहज कार्यान्वयन गर्न समुचित व्यवस्था मिलाउने,
ग) अनुदान वितरण क्रममा कृषकहरुका गुनासोहरुलाई यथोचित रुपमा सम्बोधन गर्न पहल गर्ने,
घ) प्रवाह भएको अनुदानको विवरण तयार गर्ने,
ङ) कृषकहरुको अनुदान मागको अध्ययन तथा मूल्यांकन गरी स्विकृतीका लागि कार्यक्रम व्यवस्थापन समितिमा सिफारिस गरी पठाउने,
च) कार्यक्रम व्यवस्थापन समितिको निर्णयानुसार प्राप्त निर्देशनहरु पालना गर्ने गराउने र,
छ) कार्यक्रम व्यवस्थापन समितिले तोकेका अन्य कार्यहरु गर्ने ।

## परिच्छेद ३
## अनुदान कार्यक्रम कार्यान्वयनका लागि सहजीकरण

**७. कार्यक्रम संचालन प्रक्रिया :** १) बार्षिक स्वीकृत कार्यक्रममा व्यवस्था भए अनुसार अनुसूची १ बमोजिमको क्षेत्रहरुमा विद्युत महशुल अनुदान कार्यक्रम कार्यान्वयनका लागि हरेक आर्थिक बर्षको शुरुवातमा अनुसूची २ बमोजिम निरन्तर आवेदनका लागि सूचना प्रकाशन गरिनेछ ।
२) अनुदान सहजीकरण सम्बन्धमा सरोकारवालाहरु तथा कृषकहरुको अपस्थितिमा अन्तक्रिया, जनचेतना तथा प्रचारप्रसार लगायतका कार्यहरु संचालन गरिनेछ ।

## परिच्छेद ४
## विद्युत महशुलमा अनुदान

**८. आवेदन संकलन तथा अनुदानग्राही छनौट :** १) इच्छुक कृषकहरुले अनुसूची २ बमोजिम प्रथम पटक सूचना प्रकाशन भइसके पश्चात बर्षैभरी तोकिएको फर्मेट अनुसार अनुसूची ३ बमोजिमको ढाँचामा कृषि शाखामा पेश निवेदन पेश गर्न सक्नेछन् ।

२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भइसके पश्चात कृषि शाखाले प्रचलित कानून बमोजिम दर्ता गर्नुपर्नेछ ।

३) उपदफा (२) बमोजिम निवेदन दर्ता भइसके पश्चात कृषि शाखाले स्थलगत अनुगमन गरी १५ दिन भित्र आवेदन स्वीकृत वा अस्वीकृत भएको जानकारी गराउनुपर्नेछ ।

४) कृषि शाखाले उपदफा (३) बमोजिम छनौट भएका अनुदानग्राही लाई बार्षिक आवश्यक पर्ने विद्युत युनिटको एकीन गरी अनुसूची ४ बमोजिमको ढाँचामा विद्युत अनुदान परिचयपत्र प्रदान गर्नुपर्नेछ ।

५) उपदफा (३) बमोजिम छनौट भई उपदफा (४) बमोजिम परिचयपत्र पाएका अनुदानग्राहीहरुसँग कृषि शाखाले अनुसूची ५ बमोजिम सम्झौता गर्नेछ ।

**९. अनुदान रकम :** (१) यस कार्यविधि बमोजिम अनुदानग्राहीको रुपमा छनौट भई दर्ता भएका तथा अनुदान परिचयपत्र प्राप्त गरेका अनुदानग्राहीलाई चौमासिक रुपमा अनुदान रकम उपलब्ध गराइनेछ ।

(२) उपदफा (१) बमोजिम अनुदान प्रदान गर्दा कृषि शाखाले इष्टिमेट गरेको बार्षिक खपत युनिटको बील बमोजिम हुन आउने रकमको शत प्रतिशत रकम अनुदान प्रदान गरिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनी बार्षिक एक लाख रुपैयाँ भन्दा बढी अनुदान प्रदान गर्ने गरी सम्झौता गर्नुपर्ने अवस्थामा कृषि शाखाले कार्यक्रम व्यवस्थापन समितिको सहमति लिनु पर्नेछ ।

**१०. भुक्तानी :** (१) यस कार्यविधि बमोजिम प्रदान गरिने अनुदान रकम भुक्तानीका लागि अनुदानग्राही कृषकले चौमासिक रुपमा विद्युत महशुल तिरेको सक्कल बील भरपाई र विद्युत महशुल अनुदान परिचयपत्रसहित कृषि शाखामा निवेदन पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भए पश्चात कार्यक्रम कार्यान्वयन समितिले कागजातको अध्ययन गरी आवश्यकता अनुसार स्थलगत अनुगमनसमेत गरी अनुसूची ६ को ढाँचामा यस गाउँपालिकाको कार्यालयमा भुक्तानीका लागि सिफारिस गर्नु पर्नेछ ।

(३) भुक्तानीका लागि फाइल प्राप्त भए पश्चात कार्यालयले प्रचलित कानून बमोजिम अनुदानग्राहीको बैंक खाता मार्फत अनुदान रकम भुक्तानी गर्नेछ ।

**११. नविकरण गराउनु पर्ने :** (१) यस कार्यविधि बमोजिम एक बर्ष विद्युत महशुल अनुदान प्राप्त गरेको अनुदानग्राहीले अर्को आर्थिक बर्षमा अनुदान लिन चाहेमा परिचयपत्र नविकरण गराउनु पर्नेछ ।

## परिच्छेद ५
## विविध

**१२. कारवाहीको व्यवस्था :** (१) यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने उद्देश्यले झुटा विवरण पेश गरेको, उद्देश्य अनुरुप कार्य नगरेको वा अनुदान दुरुपयोग गरेको प्रमाणित भएमा कार्यालयले त्यस्तो अनुदानग्राहीलाई **कालो सूचीमा समावेश** गरी अनुदान रकम सरकारी बाँकी सरह असुल उपर गर्नेछ ।

**१३. अभिलेख राख्ने व्यवस्था :** यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने अनुदानग्राहीको अनुसूची ७ बमोजिम कृषि शाखाले अनिवार्य अभिलेख राख्नुपर्नेछ ।

**१४. बाधा अड्काउ फुकाउ तथा संशोधन :** यस कार्यविधिको व्याख्यामा द्विविधा भएमा गाउँकार्यपालिकाको निर्णय अन्तिम हुनेछ साथै गाउँकार्यपालिकाले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

**१५. बचाउ :** यस कार्यविधिमा उल्लेख भएका कुरामा यसै बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

## अनुसूची १
## अनुदान उपलब्ध गराइने शिर्षक र क्षेत्र

| सि.नं. | अनुदान शिर्षक | क्षेत्र |
|---|---|---|
| १ | विद्युत महशुलमा अनुदान | कृषि कार्यका लागि प्रयोग गरिने सिंचाइ (लिफ्ट सिचाइ, स्यालो ट्युववेल, माछा तथा पशुपन्छि फार्मका लागि पानी व्यवस्थापन आदि)<br>कार्यक्रम व्यवस्थापन समितिले समय समयमा थप गरेका अन्य कृषि क्षेत्र तथा व्यवसायहरु । |

# अनुसूची २
## विद्युत महशुल अनुदान कार्यक्रम सम्बन्धि सूचना

सूचना । सूचना ॥ सूचना ॥।

यस नवराजपुर गाउँपालिका सिरहाको आ.व. ........................... को बार्षिक स्विकृत कार्यक्रम अनुसार **कृषि विद्युत महशुल अनुदान कार्यक्रम** प्रारम्भ भएकोले यस गाउँपालिका क्षेत्र भित्रका कृषक, कृषि फार्म, कृषि समूह/सहकारीबाट कृषि कार्यका लागि कृषि विद्युत महशुल अनुदान कार्यविधि २०७९ बमोजिम कार्यक्रममा सहभागी हुन सूचना आह्वान गरिएको छ ।

थप जानकारीको लागि यस गाउँपालिकाको कृषि शाखामा सम्पर्क राख्नुहुन अनुरोध छ ।

**अनुसूची ३**
**आवेदन फारम**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यु,
नवराजपुर गाउँपालिका सिरहा ।
मार्फत श्री कृषि शाखा
नवराजपुर गाउँपालिका सिरहा ।

विषय : कृषि विद्युत महशुल अनुदानको लागि प्रस्ताव पेश गरेको बारे ।

प्रस्तुत विषयमा तहाँ कार्यालयको मिति ..................... गते प्रकाशित सूचना अनुसार कृषि विद्युत महशुल अनुदान प्राप्त गर्नका लागि तपशिलका कागजातहरु यसै निवेदन साथ संलग्न राखि पेश गर्दछु ।

१. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
२. जग्गाधनी प्रमाणपुर्जाको प्रमाणित प्रतिलिपि
३. फार्म,समूह, सहकारीको दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नं., नविकरण तथा कर चुक्ता सम्बन्धि कागजातहरु ।
४. विद्युत महशुल अनुदानग्राही परिचयपत्रको प्रतिलिपि
५. विद्युत महशुल तिरेको बील भरपाई ।

निवेदक
सहीछाप :
नामथर :
ठेगाना :
सम्पर्क नं. :
संस्थाको छाप :

# अनुसूची ४
## विद्युत अनुदान परिचयपत्रको ढाँचा

कृषि विद्युत महशुल अनुदान परिचयपत्र

कृषकको नाम :

ठेगाना :

विद्युत अनुदान प्राप्त गरेको व्यवसाय :

सम्पर्क नं.

बैंक खाताको विवरण

बैंकको नाम र शाखा :

खाता नं. :

परिचयपत्रको

जारी मिति :

जारी गर्ने अधिकारी नाम पद :

जारी गर्नेको हस्ताक्षर :

| सम्झौता प्रयोजन | | | | भुक्तानी प्रयोजन | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| मिति | | अनुमानित खपत युनिट | कर्मचारीको सही | भुक्तानी माग मिति | खुद खपत युनिट | जम्मा महशुल | जम्मा अनुदान | भुक्तानीकर्ताको सहीछाप | |
| देखि | सम्म | | | | | | | | |
| | | | | | | | | | |

## अनुसूची ५
## विद्युत अनुदान प्रदान गर्न गरिने सम्झौता पत्रको ढाँचा

श्री नवराजपुर गाउँपालिका सिरहा र श्री ................................... बीच निशुल्क कृषि विद्युत मिटर महशुल अनुदान प्रदान गर्नका लागि भएको,

# सम्झौता पत्र

१. यो सम्झौतापत्र नवराजपुर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय नवराजपुर सिरहा (यसपछि पहिलो पक्ष भनिने) र श्री .................................. (यसपछि दोश्रो पक्ष भनिने) बीच कृषि कार्यका लागि आवश्यक विद्युत महशुल अनुदान प्रदान गर्ने प्रयोजनका लागि प्रयोग गरिनेछ ।
२. यो सम्झौता, सम्झौता भएको मिति देखि प्रारम्भ हुनेछ ।
३. दाश्रो पक्षले यस सम्झौता अनुसार तोकिएको युनिट विद्युत कृषि कार्य बाहेक अन्य कार्यको लागि विद्युत प्रयोग गर्नु हुँदैन ।
४. दोश्रो पक्षले आफ्नै श्रोत बाहेक अन्य कुनै सरकारी वा गैर सरकारी संघ संस्थाबाट सहयोग, अनुदान प्राप्त गरेको भए स्पष्ट रुपमा दोश्रो पक्षलाई जानकारी गराउनु पर्नेछ ।
५. कार्यक्रमको लागत इष्टिमेट देहाय बमोजिम हुनेछ :

| क्र.सं. | विद्युतबाट संचालन हुने उपकरणहरु | दैनिक संचालन हुने समय( घण्टा) | बार्षिक संचालन हुने दिन | बार्षिक अनुमानित खपत युनिट | अनुमानित विद्युत महशुल रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | जम्मा | | | | | |
| | अनुदान रकम रु. | | | | | |

६. अनुदान रकम दोश्रो पक्षले इष्टिमेट अनुसार कार्य सम्पन्न गरी सके पछि चौमासिक रुपमा पहिलो पक्षको सिफारिसमा गाउँपालिका कार्यालयले दोश्रो पक्षको बैंक खातामार्फत उपलब्ध गराउनेछ । यस सम्झौता बमोजिमको कार्य संचालन गर्न दोश्रो पक्षले कुनै पनि प्रकारको पेशिक दाबी गर्न पाउने छैन ।
७. यस सम्झौतामा उल्लेख भएका कुराहरु यसै बमोजिम र अन्य कुराहरुमा प्रचलित ऐन कानून अनुसार हुनेछ ।

...................................
प्रथम पक्षको तर्फबाट
नाम :
पद :
हस्ताक्षर :

....................................
दोश्रो पक्षको तर्फबाट
नाम :
मिति :
हस्ताक्षर :

## अनुसूची ६
### विद्युत अनुदान भुक्तानीको लागि गाउँपालिका कार्यालयलाई कृषि शाखाले पठाउने सिफारिसको ढाँचा

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
नवराजपुर गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय सिरहा ।

विषय : विद्युत महशुलमा अनुदान वापतको रकम भुक्तानीको लागि सिफारिस सम्बन्धमा ।

महोदय,

प्रस्तुत विषयमा यस नवराजपुर गाउँपालिका सिराहाको किसानलाई विद्युत महशुलमा अनुदान कार्यक्रम अनुसार यस केन्द्रबाट छनौट तथा सम्झौता भई कृषि कार्यका लागि विद्युत प्रयोग गरे वापत अनुदान प्राप्त गर्न योग्य तपसिलका कृषकहरुलाई अनुदान उपलब्ध गराई दिनुहुन सिफारिसका साथ अनुरोध गरिन्छ । साथै अनुदानग्राहीको भुक्तानी मागको सक्कल निवदेन तथा अन्य कागजातहरु समेत यसै पत्रसाथ पठाइएको व्यहोरा अनुरोध छ ।

**तपसिल**

| क्र.सं. | अनुदानग्राहीको नाम | ठेगाना | फोन नं. | विद्युत प्रयोग गरेको क्षेत्र | अनुदान रकम रु. | खाता भएको बैंक र खाता नं. |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

# अनुसूची ७
## अनुदान ग्राहीको अभिलेखको ढाँचा

आ.व. :

कार्यक्रमको नाम :

| क्र.सं. | अनुदानग्राही कृषक/कृषक संस्थाको नाम | ठेगाना | फोन नं. | कार्यक्रमको जम्मा लागत रु. | अनुदान रकम रु. | कार्यक्रमबाट लाभान्वित कृषक संख्या | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | पु. | म. | दलित | आ.ज. | अन्य | जम्मा |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

आज्ञाले,

राज किशोर साह

प्रमुख प्रशासकीय अधिकृत